# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र सं. :- ०८०/०८१
चलानी नं.:- १२५०

मिति :२०८०/११/२२

विषय : आवश्यक कारवाही सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) सिंहदरवार, काठमाडौंको पत्र सं.२०८०/०८१ चलानी नं.३७० मिति २०८०/११/२० को पत्र यसै पत्रसाथ संलग्न गरिएकोले व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई सोही वमोजिम गर्नु/गराउनु हुन अनुरोध छ ।

२०८०।११।२२

११।२२
.........................
(अशोक कुमार भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- 360

मितिः- २०८०/११/२०

श्री स्थानीय तह (सबै),

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं.- ३५५६
मिति २०८०।११।२१

विषय :- सहयोग तथा समन्वय सम्वन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. ६९ मिति २०८०/११/१६ को सहयोग तथा समन्वय सम्वन्धी पत्र थान ३ (तिन) व्यहोरा पत्रबाटै अवगत हुनेगरी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ

(आयुषी भट्टराई)
शाखा अधिकृत

बोधार्थ :

श्री निर्वाचन आयोग, नेपाल ।

श्री सूचना प्रविधि शाखा : सबै स्थानीय तहको ईमेलमा पठाउनुको साथै यस मन्त्रालयको website मा समेत Upload गरिदिनु हुन ।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: २०८०/०८१/ ६३ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मिति : २०८०/११/१६
नेपाल संवत् ११४४ सिल्लागा, ४ बुधबार


श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः- सहयोग तथा समन्वय सम्बन्धमा।

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर १ मा रिक्त प्रदेश सभा सदस्य पदमा निर्वाचनका लागि आयोगको मिति २०८० फागुन १३ गतेको निर्णय बमोजिम २०८१ वैशाख १५ गते उपनिर्वाचन गर्ने गरी मिति तोकिएको छ। उपनिर्वाचन प्रयोजनका लागि संलग्न अनुसूची-१ बमोजिम सबै जिल्लाका वडा कार्यालयसम्म मिति २०८० फागुन २८ गतेदेखि मिति २०८० चैत ५ गतेसम्म मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सञ्चालन हुँदैछ। उक्त कार्यक्रममा स्थानीय तहवाट समन्वय तथा सहयोग हुनुपर्ने संलग्न बमोजिमका कार्यहरू (कार्यक्रमको बुँदा नं. ८ सँग सम्बन्धित) का विषयमा तहाँ मन्त्रालयबाट सबै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि आयोगको मिति २०८० फागुन १६ गतेको निर्णयानुसार अनुरोध छ।

(लक्ष्मीदत्त कलौनी)
उपसचिव

२०८०/०८१/ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा

स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरू

(कार्यक्रमको बुँदा नं. ८ सँग सम्बन्धित)

क. कार्यक्रममा नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. मातहतका वडा सचिवहरूलाई देहायको कार्य सम्पादन गर्न निर्देशन तथा सहजीकरण गर्ने,

- अनुसूची-१ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरूले पेश गरेका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने,
- दर्ता हुन आएका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु, बसाइँ सराई सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरू आफ्नो कार्यालयको सूचना पाटिमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएका अन्य कार्यहरू गर्ने।

अनुसूची-१

## निर्वाचन आयोग

### मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

### मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |